आज मिति २०८३ जेठ २८ गतेका दिन कोल्हवी नगरपालिकाका नगर प्रमुख श्री राम प्रसाद चौधरी ज्यू को अध्यक्षतामा देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक वसी तपसिलको प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

**देहाय**

| क्र.स. | नाम | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | राम प्रसाद चौधरी | नगर प्रमुख | कोल्हवी ११ | |
| २ | लक्ष्मी कुमारी चौधरी | नगर उपप्रमुख | कोल्हवी ३ | |
| ३ | राजहरण चौधरी | वडा अध्यक्ष, (वडा नं. १) | कोल्हवी १ | |
| ४ | गोपाल प्रसाद अधिकारी | वडा अध्यक्ष (वडा नं. २) | कोल्हवी २ | |
| ५ | किसुनदयाल चौधरी | वडा अध्यक्ष (वडा नं. ३) | कोल्हवी ३ | |
| ६ | विष्णु प्रसाद मैनाली | वडा अध्यक्ष (वडा नं. ४) | कोल्हवी ४ | |
| ७ | नन्दकिशोर चौधरी | वडा अध्यक्ष (वडा नं. ५) | कोल्हवी ५ | |
| ८ | दिनेश प्रसाद चौधरी | वडा अध्यक्ष (वडा नं, ६) | कोल्हवी ६ | |
| ९ | सलाउदिन अंसारी | वडा अध्यक्ष (वडा नं. ७) | कोल्हवी ७ | |
| १० | अनुप सुवेदी | वडा अध्यक्ष (वडा नं. ८) | कोल्हवी ८ | |
| ११ | दल वहादुर चौधरी | वडा अध्यक्ष (वडा नं. ९) | कोल्हवी ९ | |
| १२ | कुन्जविहारी चौधरी | वडा अध्यक्ष (वडा नं. १०) | कोल्हवी १० | |
| १३ | नन्दकिशोर चौधरी | वडा अध्यक्ष (वडा नं. ११) | कोल्हवी ११ | |
| १४ | मैनावती देवी दर्जी | नगर कार्यपालिका सदस्य | कोल्हवी ९ | |
| १५ | रनिया थरुनी | नगर कार्यपालिका सदस्य | कोल्हवी ११ | |
| १६ | विमला कुमारी चौधरी | नगर कार्यपालिका सदस्य | कोल्हवी १० | |
| १७ | मन्जु देवी महरा | नगर कार्यपालिका सदस्य | कोल्हवी ३ | |
| १८ | सिता सहनी | नगर कार्यपालिका सदस्य | कोल्हवी ७ | |
| १९ | कपिलदेव ठाकुर | नगर कार्यपालिका सदस्य | कोल्हवी ११ | |
| २० | जयनारायण सिंह चनउ | नगर कार्यपालिका सदस्य | कोल्हवी ५ | |
| २१ | राजकुमार दास सरभंग | नगर कार्यपालिका सदस्य | कोल्हवी १ | |
| २२ | रमेश श्रेष्ठ | नगर सचिव | कोल्हवी १ | |

प्रस्तावहरु

१. पुर्वाधार श्रोत उपयोग शुल्क ठेक्का सम्बन्धमा ।

२. बहुवर्षिय आय ठेक्का सम्बन्धमा ।

३. आ.ब. २०८३/८४ का विविध आय ठेक्का सम्बन्धमा ।

४. छुट सम्बन्धमा ।

५. क्षेत्राधिकार बाहिर करारोपण नगरेको घोषणा सम्बन्धमा ।

६. राजश्व परामर्श समितिको प्रतिवेदन स्वीकृति सम्बन्धमा ।

७. जग्गा बहाल सम्बन्धमा ।

८. पदस्थापना सम्वन्धमा ।

९. स्तरवृद्धि/तहवृद्धि सम्वन्धमा ।

१०. विपद् सम्वन्धी आवश्यक प्रति कार्य योजना र कार्यविधि स्वीकृत गर्ने सम्वन्धमा ।

११. संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिको प्रतिवेदन स्वीकृत गर्ने सम्वन्धमा ।

१२.मेलमिलाप केन्द्र संचालन सम्वन्धी कार्यविधि, २०८३ स्वीकृत गर्ने सम्वन्धमा ।

१३.आ.व. २०८३/८४ को १६ (सोह्रौ) नगर सभा बैठक सम्वन्धमा ।

निर्णयहरु

१. प्रस्ताव नं १ माथि छलफल गर्दा: आ.ब. २०८३/८४ का लागि यस पालिकाको क्षेत्राधिकार भित्र रहेको पूर्वाधार श्रोत उपयोग शुल्कको विधुतिय ठेक्का बन्दोबस्तीको लागि राजश्व परामर्श समितिबाट सिफारिस भए बमोजिमको रकम रु ३०२२६०५/- मु.अ. कर बाहेक न्यूनतम कबोल अंक राखी २१ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा: आ.ब. २०८३/८४, २०८४/८५ र २०८५/८६ गरी ३ आ.ब. का लागि यस पालिकाद्वारा कोल्हवीमा निर्माण गरिएको सार्वजनिक शौचालयको न्यूनतम कबोल अंक (वार्षिक) रु २४,०००।०० र यस पालिकाद्वारा कोल्हवीमा (सपही जाने सडकको दक्षिण तर्फ) निर्माण गरेको सटरहरुको न्यूनतम कबोल अंक (वार्षिक) रु ३,६०,०००।०० तोकी ठेक्का बन्दोबस्तींका लागि ७ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा: आ.ब. २०८३/८४ का लागि राजश्व परामर्श समितिबाट सिफारिस भए वमोजिमका देहायका आय शिर्षकमा देहायको न्यूनतम कबोल अंक राखी आय ठेक्काका लागि ७ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

| क्र.सं. | आय शिर्षक | न्युनतम कबोल अंक रु मुअ कर बाहेक |
|---|---|---|
| १ | सपही हाटबजार | १,६७,७०६।०० |
| २ | अधनवा हाटबजार | २,२३,६०८।०० |
| ३ | प्रसौना हाटबजार | १,५३,७३०।०० |
| ४ | वेलवा हाटबजार | १४,२८८।०० |

| | | |
|---|---|---|
| ५ | अमाव हाटबजार | १३,९७५।०० |
| ६ | थस्कौल हाटबजार | १३,९७५।०० |
| ७ | विज्ञापन कर | २८,८००।०० |
| ८ | कवाडी कर | ६६,०००।०० |

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा: माथि उल्लेखित विभिन्न शिर्षकका आय ठेक्काहरुको नियमानुसार स्वीकृत कबोल रकम ठेकेदारले एकमुष्ट बुझाएमा निजलाई न्यूनतम कबोल अंकमा नघट्ने गरी स्वीकृत कबोल रकमको १० प्रतिशत छुट दिने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा: यस कोल्हवी नगरपालिकाद्वारा आ.ब. २०८२/८३ मा आफ्नो क्षेत्राधिकार बाहिर गएर करारोपण नगरेको घोषणा गर्दछौं ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा: राजश्व परामर्श समितिद्वारा कार्यपालिकामा पेश गरिएको राजश्व परामर्श समितिको प्रतिवेदन २०८३ उपर कार्यपालिकामा वृहत छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा: कोल्हवी नगरपालिकाले श्री अनुप दिपनी मा.वि. सँग वहालमा लिएको कोल्हवी-१ कित्ता नं. १३६ ज.वि. ३-१०-७ क्षेत्रफलको जग्गाको कोल्हवी-खैरा सडक खण्डको उत्तरतर्फको ०-०-२-० जग्गा कोल्हवी-१ बस्ने दिपेन्द्र ठाकुर हजामलाई बहालमा दिन मिल्ने नापि शाखाको मिति २०८२/०८/१६ को प्रतिवेदन बमोजिम सो जग्गा निजलाई ६ वर्षका लागि प्रतिधुर मासिक बहाल रु ५०० का दरले प्रत्येक २ वर्षमा बहाल रकम १० प्रतिशतका दरले वृद्धि हुने गरी बहालमा दिने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा: यस कार्यालयमा शिक्षा सेवा, शिक्षा प्रशासन समूह, अधिकृत स्तर छैठौं तहमा मिति २०७६/१०/२१ गते सुरु नियुक्ति भई दोहोरो सहमतिका आधारमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७/११/२५ को निर्णयानुसार गौरीगङ्गा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, चौमाला, कैलालीमा कामकाजमा खटिई मिति २०८२/०३/२९ गते तह मिलान भई शिक्षा सेवा, शिक्षा प्रशासन समूह, अधिकृतस्तर सातौं तहमा गौरीगङ्गा नगरपालिकामा कार्यरत कर्मचारी श्री गणेश जोशी (क.स.नं. २४०५९१) लाई सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १४९ को प्रावधान बमोजिम सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८२ को नियम १३५ को उपनियम (४) अनुसार हाल कार्यरत रहेको स्थानीय तहमा पदस्थापन को लागि सहमति प्रदान गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा: प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधाम, धनुषाको च.न. २१३३, मिति २०८३।०१।२९ को पत्रानुसार स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा ८ को उपदफा (२२) मा लोक सेवा आयोगबाट २०७६ सालमा सिफारिस भई स्थानीय तहमा नियुक्त भएका अधिकृत छैठौ तहका कर्मचारीहरुलाई नियुक्ति मिति देखि लागु हुने

गरी सातौं तहमा तह मिलान गरिदिने व्यवस्था छ तर यस कार्यालयमा अधिकृत आठौं पदमा कार्यरत कर्मचारी श्री संजय मैनाली (क्.स.न. २४६८३८) छैठौं बाट सातौं तहमा मिलान हुनासाथ सो तहमा काम गर्नु पर्ने न्यूनतम् ३ वर्षको अवधि र कार्य सम्पादनको शर्त पुरा भएको नपाइएको हुदाँ निजको आठौं तहको तहवृद्धि रद्द गरी सातौं तह कायम गर्न भनी प्रदेश लोक सेवा आयोगबाट लेखि आएकोले सोहि बमोजिम गर्ने निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दाः कोल्हवी नगरपालिकाको लागि विपद सम्वन्धी आवश्यक स्थानीय विपद तथा जलवायु उत्थानशील योजना र विपद पुर्वतयारी प्रतिकार्य योजना, २०८३; र विपद व्यवस्थापन कोष संचलन तथा व्यवस्थापन कार्यविधि, २०८३ स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दाः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८३/१/११ को पत्रसाथ संगठन तथा व्यवस्थापन सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ कार्यान्वयनको लागि प्राप्त भएको सन्दर्भमा नगरपालिकाको नियमित सेवा प्रवाह तथा भूमि प्रशासन कार्यालयको सेवा समेत थप गर्ने गरी हालको दरबन्दी तथा संगठन संरचनामा संशोधन गर्न आवश्यक देखिएकोले उक्त मापदण्डको दफा ५ बमोजिम संगठन तथा व्यवस्थापन गर्न मिति २०८३।०१।१३ गतेको कार्यपालिका बैठकबाट पूर्वस्वीकृती प्रदान गरि उक्त मापदण्डको दफा ७(ङ) बमोजिम गठित समितिले प्रतिवेदन तयार गरी पेश गरेको हुदाँ उक्त प्रतिवेदन स्वीकृत गरी सोहि मापदण्डको दफा १२(आ) बमोजिम मूल्यांकनको लागि मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रि परिषदको कार्यालयमा पठाउने निर्णय गरियो ।

१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दाः कोल्हवी नगरपालिका अन्तरगत न्याय सम्पादन सम्वन्धी कार्यका लागि मेलमिलाप केन्द्र संचालन सम्वन्धी कार्यविधि, २०८३ स्वीकृतिका लागि विधेयक समितिबाट सिफारिस भई आएको हुदाँ उक्त कार्यविधि स्वीकृत गरी लागू गर्ने निर्णय गरियो ।

१३. प्रस्ताव नं. १२ माथि छलफल गर्दाः कोल्हवी नगरपालिकाको आ.व. २०८३/८४ को १६ (सोह्रौ) नगरसभाको बैठक मिति २०८३।०३।१० गते बुधवार, विहान १०:०० बजे, कोल्हवी नगरपालिकाको सभाहलमा वस्ने निर्णय गरियो ।

CamScanner